# स्थानीय रोजगार रणनीति, २०८०

पाँचखाल नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

पाँचखाल, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

# स्थानीय रोजगार रणनीति, २०८०

*सर्वाधिकार @ पाँचखाल नगरपालिका ।*

**पाँचखाल नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल ।

वेभसाइट :

ईमेल :

फोन नं. :

# <u>विषेय सूची</u>


१. पृष्ठभूमि ... द्ध

२. रोजगारी सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था ... छ

३. राष्टियस्तरमा रोजगारीको वर्तमान अवस्था ... ट

४. पाँचखाल नगरपालिकामा रोजगारीको अवस्था विश्लेषण

*४.१ रोजगारी सम्बन्धी तथ्यांककीय अवस्था* ... ठ

*४.२ पाँचखाल नगरपालिकाको रोजगार सम्बन्धी नीति* ... ढ

*४.३ रोजगारीका स्थानीय समस्या र चुनौतीहरु* ... ढ

*४.४ रोजगारीका सम्भावना र अवसरहरु* ... ज्ञण

५. रोजगार रणनीतिको आवश्यकता ... ज्ञज्ञ

६. रणनीति तर्जुमाका कानूनी आधार ... ज्ञद्द

७. दिर्घकालीन सोंच ... ज्ञघ

८. लक्ष्य ... ज्ञघ

९. स्थानीय रोजगार रणनीतिका उदेश्यहरु ... ज्ञघ

१०. स्थानीय रोजगारीका रणनीतिक स्तम्भ ... ज्ञघ

११. कार्यनीति ... ज्ञद्ध

१२. रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र ... ज्ञढ

*१२.१ रोजगार रणनीति कार्यान्वयन सहजीकरण समिति* ... ज्ञढ

*१२.२ रोजगार प्रवर्द्धन शाखा / रोजगार सेवा केन्द्र* ... द्दण

*१२.३ स्थानीय रोजगार संवाद मञ्च* ... द्दण

१३. स्रोत व्यवस्थापन ... द्दज्ञ

१४. अनुगमन तथा मूल्यांकन ... द्दज्ञ

१५. जोखिम पहिचान तथा व्यवस्थापन ... द्दज्ञ

अनुसूची १ : रणनीति तर्जुमा सम्बन्धी छलफल कार्यक्रमको उपस्थिति ... द्दद्द

अनुसूची २ : रणनीति तर्जुमा सम्बन्धी छलफल कार्यक्रमको तस्बीरहरु ... द्दघ

# पाँचखाल नगरपालिकाको रोजगार रणनीति, २०८०

*नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/१०/२५*

## १. पृष्ठभूमि

नेपालको शासकीय प्रणाली तीनतहको संघीय संरचनामा आधारित रहेको छ। तीनै तहका सरकारहरुलाई श्रम तथा रोजगारी सम्बन्धी संवैधानिक जिम्मेवारी प्रदान गरिएको छ। सबै तहका सरकारहरुले बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रम संचालन गर्न सक्ने संवैधानिक तथा कानुनी व्यवस्था रहेको छ । स्थानीय तहले आफ्नो क्षेत्रभित्र रोजगारीका सम्भावित अवसरहरुको पहिचान गरि रोजगारीको मागको प्रक्षेपण र आपूर्तीको अनुमान गरि रोजगारीका अवसरहरुको सिर्जना गर्न जरुरी रहेको छ । श्रम तथा रोजगारी अन्तरसम्बन्धित भएकोले मुलुकको समग्र आर्थिक अवस्था, रोजगारीका क्षेत्रको विस्तार, निश्चित काम र श्रमिक प्रति हेर्ने दृष्टिकोणले पनि यस क्षेत्रलाई प्रभाव पार्ने गरेको देखिन्छ । देशमा उपलब्ध आन्तरिक रोजगारीका अवसरहरुमा बरोजगार व्यक्तिहरुलाई आकर्षित गर्न, काम प्रतिको सम्मान र मर्यादित वातावरण सिर्जना गर्न सकिएमा देशको श्रम तथा रोजगारीका क्षेत्रमा सुधार ल्याउन सक्ने अवस्था रहन्छ । तब मात्र देशको सामाजिक, आर्थिक तथा साँस्कृतिक रुपान्तरणमा महत्वपूर्ण योगदान पुग्नेछ ।

नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख नयाँ जनशक्ति श्रम बजारमा प्रबेश गर्ने गर्दछन्। नयाँ जनशक्तिको लागि पर्याप्त रोजगारीका अवसर सिर्जना हुन नसकेका कारण श्रमको माग र आपूर्ति बीच ठूलो अन्तर रहेको देखिन्छ । नेपालको आन्तरिक श्रम बजारको ग्रहणशीलता न्यून रहेको छ । नेपालमा विभिन्न जातजातिका आधारमा कामको बाँडफाँट गरिएको हुनाले उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरुमा सामाजिक मान्यताका कारण जनशक्तिलाई आकर्षण गर्न नसकेको अवस्था देखिएको छ । देशमा आन्तरिक रोजगारीका अवसरहरुलाई व्यवस्थापन गर्न नसक्दा दैनिक करिब १५०० व्यक्तिहरु वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ । नेपालको  ग्रामीण क्षेत्रका औसत ५० प्रतिशत भन्दा बढी घरधुरीबाट कोही न कोही व्यक्ति वैदेशिक रोजगारीमा रहेको देखिन्छ। नेपालको आन्तरिक श्रम बजारमा

श्रमिकको माग अनुसार आवश्यक पर्ने श्रमिक संख्या र तिनीहरुको ज्ञान, सीप, योग्यता एवं अनुभवको विकास गर्न स्थानीय तहको महत्वपूर्ण भूमिका हुने देखिन्छ । युवा श्रमशक्तिलाई देशभित्रकै रोजगारी, स्वरोजगारी वा व्यवसायिकतामा संलग्न गराउन सकेको अवस्थामा मात्र देशले दीर्घकालीन रुपमा लाभ प्राप्त गर्ने अवस्था रहन्छ ।

रोजगारी बहुआयामिक तथा अन्तरसम्बन्धित विषय हो । रोजगारी विभिन्न क्षेत्रहरुमा सिर्जना हुने गर्दछ । रोजगारीको सिर्जनाका लागि कुनै एक तह, क्षेत्र वा कार्यक्रमबाट मात्र सम्भव हुँदैन । यसका लागि विभिन्न निकाय र कार्यक्रम बीच समन्वय र सहकार्य हुनु आवश्यक छ । गरिबी र रोजगारी अन्तरसम्बन्धित विषय रहेकोले गरिबी बढ्दा बेरोजगारी बढ्छ, रोजगारी बढ्दा संलग्न व्यक्तिको आय क्षमता बढ्न गई यसले गरिबी घटाउन मद्धत गर्दछ । रोजगारीले गरिबी तथा बेरोजगारी बीचको सन्तुलन कायम गरेको हुन्छ । त्यसैले अर्थतन्त्रमा दिगो आर्थिक बृद्धि र गरिबी न्यूनीकरणको मुख्य आधार नै उत्पादनशील रोजगारी रहेको छ ।

शिक्षा र रोजगारी बीचको अन्तरसम्बन्ध पनि एकदमै महत्वपूर्ण रहेको छ । शिक्षाको माध्यमबाट नै स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारका आवश्यकताहरु परिपूर्ति गर्ने सीपयुक्त दक्ष, सक्षम, प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने काम गर्छ । प्राविधिक र जीवनोपयोगी शिक्षाको कमीका कारण देशमा सीपयूक्त जनशक्तिको पर्याप्तता हुन नसकेको हो । हाल नेपालका स्थानीय तहहरुले प्राविधिक तथा व्यवसायीक शिक्षाको विस्तारमा प्राथमिकता दिएका कारण प्राविधिक धारका शिक्षालयहरु स्थापना भएका र छोटो अवधिका  रोजगारीसँग अन्तरसम्बन्धित रहेका गरिबी न्यूनीकरण, सीप तथा क्षमताको विकास, रोजगारीका अवसरमा विपन्न वर्गको पहुँच स्थापना गर्ने कार्यमा समेत स्थानीय तहको भूमिका अपरिहार्य रहेको छ ।

## २. रोजगारी सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था

नेपालको संविधान, २०७२ को धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रम सम्बन्धी हकलाई मौलिक हकको रुपमा समेटिएको छ । रोजगारीको हकमा प्रत्येक नेपाली नागरिकलाई रोजगारी प्राप्त गर्ने र रोजगारीको छनौट गर्न पाउने हक हुने भनिएको छ । संविधानको धारा ५१ को खण्ड (झ) मा श्रम र रोजगार सम्बन्धी नीति समावेश गरिएको छ । जसमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चितता गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष एवम् व्यवसायिक बनाउने र

स्वदेशमा नै रोजगारी अभिबृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, बालश्रम लगायत श्रम शोषणका सबै स्वरुपको अन्त्य गर्ने, श्रमिक तथा उद्यमी व्यवसायी बीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशका उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अंगिकार गरेको छ ।

प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न,क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा बेरोजगार सहायता प्रदान गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ जारी भई कार्यान्वयनमा रहेको छ। रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा राज्यका निकायहरुले बेरोजगार व्यक्तिहरुलाई न्यूनतम एक सय दिनको रोजगारी प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ। त्यसैगरी नियमावली २०७५ ले स्थानीय तहहरुमा रोजगार सेवा केन्द्रको स्थापना र सञ्चालन गर्ने र स्थानीय बेरोजगार व्यक्तिहरुको सूची तयार पारी रोजगारदाताहरुबाट श्रमिकहरुको माग प्राप्त गर्ने व्यवस्था गरिएको छ ।

मुलुकको जनशक्तिलाई अन्तराष्ट्रिय बजारको माग अनुरुप ज्ञान र सीप प्रदान गरी दक्ष, क्षमतावान र प्रतिस्पर्धी श्रमशक्तिको रुपमा विकास गर्दै उनीहरुको प्रवेशलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उदेश्यका साथ बैदेशिक रोजगार नीति, २०६८ कार्यान्वयन भईरहेको छ ।

नेपालमा उपलब्ध श्रमशक्तिलाई प्रतिस्पर्धी बनाई सक्षम श्रम बजारको माध्यमद्वारा उत्पादनशील, मर्यादित एबंम सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशिल बनाई गरिबी निवारणमा योगदान पुऱ्याउने दुरदृष्टि रहेको राष्ट्रिय रोजगार रणनीति, २०७१ कार्यान्वयनमा रहेको छ ।

पन्ध्रौ राष्टिय योजनाले सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसरको उपलब्धता गराउने सोंचका साथै उत्पादनशील क्षेत्रमा रोजगारी अभिबृद्धि गरी बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेख्य रुपमा कमी ल्याउने लक्ष्य राखेको छ ।

## ३. राष्टियस्तरमा रोजगारीको वर्तमान अवस्था

वि.सं. २१०० सम्म सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसर उपलब्ध गराउने नेपाल सरकारको दीर्घकालीन सोंच रहेको छ भने तीव्र, दिगो र रोजगारमूलक आर्थिक बृद्धि गर्ने दीर्घकालीन राष्ट्रिय रणनीति रहेको छ । पन्ध्रौं योजनाले आ.व. २०८०।८१ सम्ममा श्रमशक्ति सहभागिता दर ४९

प्रतिशत र वि.सं. २१०० सम्ममा ७२ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । त्यस्तै आ.व. २०८०।८१ सम्ममा रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशत र वि.सं. २१०० सम्ममा ७० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ । हाल नेपालको बेरोजगारी दर ११.४ प्रतिशत लाई वि.सं. २१०० सम्ममा ३ प्रतिशतमा झार्ने सरकारको दीर्घकालीन लक्ष्य रहेको छ ।

नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४ अनुसार नेपालको बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ भने पुरुष र महिलाको बेरोजगारी दर क्रमशः १०.३ र १३.१ प्रतिशत रहेको छ । यसैगरी शहरमा ११.६ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगारी रहेको छ । नेपालको श्रमशक्ति सहभागिता दर ३८.५ प्रतिशत रहेको छ । यो दर शहरमा ४१.७ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२.९ प्रतिशत रहेको छ । यसैगरी पुरुष र महिलाको श्रमशक्तिमा सहभागिता दर क्रमशः ५३.८ र २६.३ प्रतिशत रहेको छ ।

रोजगारमा रहेको जनसंख्यालाई प्रदेश अनुसार हेर्दा सबैभन्दा बढी ४३.८ प्रतिशत बागमती प्रदेशमा र सबैभन्दा कम २४.१ प्रतिशत सुदुरपश्चिम प्रदेशमा रहेको छ । बेरोजगारी दर लाई प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी मधेश प्रदेशमा २०.१ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशमा ७ प्रतिशत रहेको छ । नेपालको सबै प्रदेशहरुमा बेरोजगारी दर फरक फरक रहेको देखिन्छ । यसको अर्थ सबै प्रदेशहरुमा रोजगारीका अवसरहरु पनि समान रुपमा रहेको देखिदैन । जसको परिणामस्वरुप श्रम बजारको माग र आपूर्ति बिचको सन्तुलन समेत नभएको देखिन्छ । अनौपचारिक तथा असंगठित क्षेत्रमा ६२.२ प्रतिशत ब्यक्तिहरु दैनिक ज्यालादारीमा, मजदुरी तथा श्रमिकको रुपमा कामकाज गरी जीवन निर्वाह गर्ने गरेको देखिन्छ ।

## ४. पाँचखाल नगरपालिकामा रोजगारीको अवस्था विश्लेषण

### *४.१ रोजगारी सम्बन्धी तथ्यांककीय अवस्था*

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस पाँचखाल नगरपालिकामा पुरुष जनसंख्या १७२१२ (४८.५) प्रतिशत र महिला जनसंख्या १८३०९ (५१.५) गरी कुल जनसंख्या ३५५२१ रहेको छ । यसमध्ये १४ वर्ष वा सो भन्दा कम उमेर समूहका जनसंख्या ७६८० (२१.६ प्रतिशत), १५ देखि ५९ वर्ष उमेर समूहका जनसंख्या २३४२५ (६५.९ प्रतिशत) र ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका जनसंख्या ४४१६ ( १२.५ प्रतिशत) रहेका छन् । यस नगरपालिकामा १० वर्ष र सो भन्दा माथिका ब्यक्तिहरुको कुल जनसंख्या

२२१३८ मध्ये आर्थिक रुपमा सक्रिय जनसंख्या ६४ प्रतिशत रहेको छ भने निष्क्रिय जनसंख्या ३६ प्रतिशत रहेको छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार पाँचखाल नगरपालिकामा स्थायी बसोबास भएका कुल ९१३३ घरधुरी मध्ये गैरकृषि क्षेत्रको ब्यवसायमा संलग्न ६३७ रहेका छन् । त्यसमा घरेलु उद्योग तर्फ १३४, ब्यापारमा ३७२, यातायात ब्यवसायमा ३४, सेवा क्षेत्रमा ४२ र अन्य ब्यवसायमा ५५ परिवार संलग्न रहेको देखिन्छ । यसको अर्थ कुल परिवार संख्यामा गैर कृषि ब्यवसायमा संलग्न परिवार न्यून अर्थात ७ प्रतिशत हाराहारी मात्र रहेको देखिन्छ ।

नगरपालिका भित्र कुल जनसंख्या मध्ये १० वर्ष भन्दा माथिको कुल २२१३८ जना रहेका छन् । त्यस अन्तर्गत सुरक्षा निकायमा ६५ जना, ब्यवस्थापकीय जिम्मेवारीमा ९०४ जना, पेशागत कार्यमा ६१२ जना, प्राविधिक र यान्त्रीक सहयोगीको रुपमा २०६ जना, कार्यालय सहयोगीको रुपमा १६५ जना, सेवा तथा विक्री प्रतिनिधिको रुपमा १००६ जना, कृषिजन्य तथा सम्बन्धित क्षेत्रमा १४७७४ जना, कलाकारिता तथा कालिगढको रुपमा ८०७ जना, कारखाना तथा औजार अपरेटरको रुपमा ७३७ जना, र आधारभूत कामदारको रुपमा २८६२ जना रहेका छन् ।

नगरपालिकाको कुल जनसंख्या ३५५२१ मध्ये १८८६ जना अर्थात ५.३ प्रतिशत अनुपस्थित वा देश वाहिर रहेको तथ्यांक रहेको छ । अनुपस्थित जनसंख्या मध्ये श्रमीकको रुपमा ९५३ जना, ब्यापारीक सिलसिलामा २७ जना, अध्ययनका लागि ४२३ जना, जागिरको काममा ३३० जना, डिपेन्डेन्टको रुपमा १०१ जना र अन्य पेशामा ५२ जना विदेशिएको तथ्यांक देखिन्छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पाँचखाल नगरपालिकाले विगत ३ आर्थिक वर्षमा वेरोजगारहरुको सूचीकरणका लागि आब्हान गर्दा आर्थिक वर्ष २०७७।७८ मा ४७६ जना सूचीकृत भएकोमा जम्मा ८७ जनाले मात्र आंशीक रोजगारी प्राप्त गरेका थिए भने आर्थिक वर्ष २०७८।७९ मा ११६ जना सूचीकृत भएकोमा ७० जनाले नगरपालिकाद्धारा प्रदान गरिएको रोजगारीमा प्राप्त गरेका र आर्थिक वर्ष २०७९।८० मा कुल ४२७ जना सूचीकृत भएकोमा ५७ जनाले मात्र रोजगारी प्राप्त गरेको तथ्यांक रहेको छ । यस तथ्यांकलाई आधार मान्ने हो भने नगरपालिका भित्र वार्षिक औसत ४५० जना बेरोजगार ब्यक्तिहरुलाई रोजगारी प्रदान गर्नुपर्ने देखिन्छ ।

### *४.२ पाँचखाल नगरपालिकाको रोजगार सम्बन्धी नीति*

यस नगरपालिकाले आर्थिक वर्ष २०७९।८० मा आफ्नो वार्षिक नीति तथा कार्यक्रम मार्फत श्रम तथा रोजगार सम्बन्धी देहाय वमोजिम नीतिहरु प्रस्तुत गरेको छ :

- कोभिड १९ बाट उत्पन्न औपचारिक क्षेत्रमा बढ्दो बेरोजगारीको समस्याले अनिकाल र भोकमरी जन्मन सक्ने हुँदा सबै वडाका बेरोजगारहरुको लगत तयार गरी श्रम बैंक स्थापना गरेर कामसँग खाद्यान्न कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आबद्ध गरिनेछ ।
- बेरोजगारहरुलाई स्थानीय स्तरका आयोजनाका श्रममुलक कार्यमा लगाई स्थानीय जनशक्तिलाई प्राथमिकताका साथ रोजगारीको अवसर प्रदान गरिनेछ ।
- कोभिड १९ का कारण रोजगारी गुमाएर स्वदेश एवं विदेशबाट घर फर्कने नगरवासीहरुलाई उद्यम व्यवसायमा लिइने ऋणको ब्याजमा निश्चित प्रतिशत नगरपालिकाबाट अनुदान दिनको लागि बैंक एवं वित्तिय संस्थासँग समन्वय गरिनेछ ।
- किसान तथा साना व्यवसायीहरुलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन बैंक तथा वित्तिय संस्थाहरुसँग समन्वय गरिनेछ ।

### *४.३ रोजगारीका स्थानीय समस्या र चुनौतीहरु*

रोजगारमैत्री लागानीलाई प्रोत्साहन गर्न नसक्नु, वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, पूँजी र प्रविधिको परिचालन हुन नसक्नु, घरेलु तथा साना उद्योगधन्दाको कमी हुनु, उद्यमशीलता एवं स्वरोजगारलाई प्रवर्द्धन गर्न नसक्नु, सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न नसक्नु, काम प्रति सम्मानको कमी हुनु, श्रम, सीप र उत्पादनबीच तादम्यता कायम हुन नसक्नु, उत्पादनशील रोजगारी पर्याप्त रुपमा सिर्जना हुन नसक्नु, श्रम बजार सूचना प्रणालीको अभाव हुनु, स्थानीय रोजगारदाताहरुको पहिचान एवं सूचीकरण नहुनु, श्रम तथा रोजगार सम्बन्धी स्थानीय नीति नियमको अभाव हुनु आदि रोजगारीका समस्याहरु रहेको छ । रोजगारी तथा श्रम सम्बन्धी हकलाई कार्यान्वयन गर्नु, रोजगार सेवा केन्द्रलाई सक्षेम र सबल बनाउनु, नगरपालिकामा रहेका रोजगार प्रदायक तथा रोजगारीका अवसरहरुको पहिचान तथा नक्सांकन गर्नु, श्रम बजारको माग अनुसारको सीपमूलक दक्ष जनशक्ति तयार गर्नु, श्रम बजारको माग अनुसारको जनशक्ति आपूर्ति गर्न नसक्नु, स्थानीय पाठ्यक्रमलाई व्यवहारिक र रोजगारमूलक बनाई उद्यमशीलता विकास गर्नु आदि रोजगारीका मुख्य चुनौतीहरु रहेका छन् ।

पाँचखाल उपत्यका ब्यवसायीक कृषिका लागि समेत ठूलो सम्भावनायूक्त एरिया भएता पनि यहाँको कृषि कार्यमा स्थानीय श्रमीकहरुको उपलब्धता नरहने भएकोले पूर्वी नेपालबाट आउने कृषि मजदुरहरुले रोजगारीको हिस्सा ओगटेका छन् ।

यस नगरपालिकामा हुने विभिन्न निर्माण क्षेत्रहरुमा आवश्यक दक्ष जनशक्तिको रुपमा काम गर्ने ईलेक्ट्रिसियन, प्लम्बर, पेन्टर, कार्पेन्टर, मेसन, मार्बल फिटिङ्ग लगायत अन्य श्रमिकहरुमा भारतीय मुलका श्रमीकको वाहुल्यता रहेको देखिन्छ । यी क्षेत्रमा नेपालीहरुले अदक्ष कामदारको रुपमा काम गर्ने गर्दछन् । यस क्षेत्रमा रोजगारीका सम्भावनाहरु प्रशस्त रहेकोले बजारको मागको आधारमा दक्ष सीपयुक्त जनशक्ति तयार गरि बजारमा आपूर्ति गरी भारतीय मुलका श्रमिक मजदुरहरुलाई विस्थापित गर्दै जानुपर्ने चुनौति रहेको छ ।

### *४.४ रोजगारीका सम्भावना र अवसरहरु*

श्रम तथा रोजगारी सम्बन्धी हक नेपालको संविधानमा मौलिक हकको रुपमा स्थापित हुनु, श्रम तथा रोजगारमैत्री कानूनहरु निर्माण हुनु, रोजगार सेवा केन्द्रको स्थापना हुनु, श्रम तथा रोजगारी सम्बन्धी सेवाहरु स्थानीय तहसम्म विस्तार हुँदै जानु, न्यूनतम रोजगारीको प्रत्याभूतिको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन हुनु, रोजगारीका सम्भावित अवसरहरुको पहिचान गर्नु, न्यूनतम पारिश्रमिकको कानूनी ब्यवस्था हुनु, यूवाहरुमा उद्यमशील भावनाको विकास हुँदै जानु, लगानीमैत्री वातावरणको अवस्था तयार हुँदै जानु, प्राविधिक शिक्षोमा सर्वसाधरणको पहुँच विस्तार हुँदै जानु आदि अवसरहरु रहेका छन् ।

यस नगरपालिकामा आन्तरिक रोजगारीका सम्भावित अवसरहरु सिर्जनामा अहम् भूमिका निर्वाह गर्न सक्ने मुख्य सम्भावित क्षेत्रहरुको रुपमा कृषि, निर्माण, म्यानुफ्याक्चरीङ उद्योग, यातायात, धार्मिक पर्यटन, घरेलु उद्यम र सीप तथा क्षमता विकास रहेका छन् । उक्त क्षेत्रहरुमा के कति लगानी गर्दा के कति आन्तरिक रोजगारीका अवसरहरु बृद्धि गर्न सकिन्छ भन्ने तर्फ विश्लेषण गरी नगरपालिकाले रणनीति अपनाउनु पर्छ ।

पाँचखाल नगरपालिकामा नेपाल सरकारले विशेष आर्थिक क्षेत्रको स्थापना गरेको हुँदा त्यहाँ विभिन्न प्रकारका उद्योगधन्दा कलकारखानाहरु जस्तै कृषिमा आधारित प्रसोधनमूलक उद्योगहरु, निर्यातमुखी उत्पादनमूलक उद्योगहरु र निर्माणजन्य उद्योगहरु स्थापना हुने सम्भावना रहेको छ । यदि यसप्रकारका दर्जनौं उद्योगहरु खुलेको अवस्थामा नगरपालिका भित्र हजारौं रोजगारीका अवसरहरु सिर्जना हुने अवस्था

रहन्छ। सो अवस्थामा अदक्ष तथा सीप नभएका बेरोजगार युवाहरुलाई सीपमूलक तालिम उपलब्ध गराई सीपयुक्त जनशक्ति तयार पारेर उद्योग तथा कलकारखानाहरुमा आपूर्ति गरी रोजगारी बढाउन सकिन्छ।

यसका साथै नगरपालिका लघु, घरेलु तथा साना उद्योगहरुको माध्यमबाट स्थानीय स्तरमा उपलब्ध श्रम, स्रोत र साधनको परिचालन तथा उपयोग गरी स्थानीय तहभित्रै स्वरोजगारीका थप अवसरहरु सिर्जना गर्न सकिन्छ। यहाँको पर्यटन क्षेत्र समेत रोजगारीको प्रचुर सम्भावना तथा मुख्य स्रोतहरु मध्ये एक हो। नगरपालिका भित्र रहेको पलाञ्चोक भगवती मन्दिर र अन्य सम्पदाहरुको प्रचारप्रसार मार्फत पर्यटकहरु आकर्षित गर्ने र सो सम्बद्ध व्यवसायहरुको प्रवर्द्धन गर्न सकिन्छ।

पाँचखाल नगरपालिकामा छिमेकी मुलुक चीनसम्म जाने अरनिको राजमार्ग तथा सिन्धुपाल्चोक र दोलखा जाने सडक गएको हुनाले यहाँ अन्तर जिल्ला र अन्तरदेशीय यातायात प्रणाली विकास भएको छ। यहाँ यातायात सम्बद्ध रोजगारीका अवसरहरु समेत उपलब्ध हुने सम्भावना रहेको छ।

यस नगरपालिकाबाट बैदेशिक रोजगारीमा गई फर्किएका व्यक्तिहरुमा निहित सीप, पूँजी र प्रविधिलाई उद्यमशीलताको विकास र प्रवर्द्धनमा परिचालन गरी स्थानीय रोजगारीका अवसरहरुमा बृद्धि गरी बाध्यात्मक रुपमा बैदेशिक रोजगारीमा जाने क्रमलाई निरुत्साहित गर्न सकिन्छ।

## ५. रोजगार रणनीतिको आवश्यकता

स्थानीय तहले जनसांख्यिक विवरण, रोजगारीको अवस्था र रोजगारी सिर्जना हुन सक्ने क्षेत्र तथा संख्या पहिचान गरी रोजगारीको सम्भाब्यता, सीप विकास, रोजगार गन्तब्यको नक्सांकन, आप्रवासन तथा स्वरोजगारमूलक क्रियाकलाप लगायतका सम्भावनाको विश्लेषण गर्नु आवश्यक छ । यसका लागि नगरपालिकाको औपचारिक दस्तावेजको रुपमा स्थानीय रोजगार रणनीति तर्जुमा गरी नगरपालिकाको समग्र विकास नीति तथा बजेट कार्यक्रमहरुमा समाहित गर्दै जानु अपरिहार्य देखिन्छ। रोजगार रणनीतिले स्थानीय तहमा रहेका रोजगारीका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको निदान र रोजगारी सिर्जनाका नवीनतम उपाय एवं विधिहरुको विकास गर्न सहयोग पुग्ने देखिन्छ।

यस रणनीतिको आवश्यकता देहाय अनुसार उल्लेख गरिएको छ :

- आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान तथा प्रवर्द्धनका लागि अन्तर-सरकार एवं अन्तर-निकाय समन्वय र सहकार्य गर्न,
- विद्यमान रोजगारीका क्षेत्रमा रहेका समस्याहरुको समाधान गरि रोजगारी सिर्जनाका नवीनतम उपाय एवं विधिहरुको विकास गर्न,
- श्रम बजारको माग एवं उपलब्ध अवसर अनुसार दक्ष, व्यवसायिक, सीपयुक्त र प्रतिस्पर्धी श्रमशक्ति तयार गर्न,
- स्थानीय तहको संस्थागत संरचनालाई उद्यमशीलता र रोजगारीमा अभिमुख गराई संविधान र कानुनका प्रावधानहरुको कार्यन्वयनमा नगरपालिकालाई अग्रसर गराउन,
- वैदेशिक रोजगारीबाट प्राप्त पूँजी, सीप, ज्ञान, प्रविधि र अनुभवलाई उत्पादनमूलक क्षेत्रमा लगाउन,
- स्थानीय स्रोतसाधनमा आधारित उद्यम व्यवसायको विकास तथा प्रवर्द्धन गर्न,
- सुरक्षित आप्रवासन र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुनःएकीकरणमा सहयोग र सहकार्य गर्न,
- श्रम प्रति सम्मान अभिवृद्धि गर्दै श्रम बजारमा विपन्न वर्गको सहज पहुँच स्थापित गर्न,

## ६. रणनीति तर्जुमाका कानूनी आधार

स्थानीय रोजगार रणनीति तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित रोजगार तथा श्रम सम्बन्धी मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, रोजगारीको हक सम्बन्धी ऐन र नियमावलीले उल्लेख गरेका जिम्मेवारी र अधिकारहरुलाई आधार लिनु पर्दछ। त्यसैगरी राष्ट्रिय रोजगार नीति, वैदेशिक रोजगार नीति, पन्ध्रौं पञ्चवर्षीय योजना, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, दिगो विकासका लक्ष्य, नेपाल सरकारले श्रम तथा रोजगारी सम्बन्धी गरेका अन्तराष्ट्रिय सम्झौता एवं प्रतिबद्धता, प्रदेश सरकारको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, नगरपालिकाको स्थानीय नीति तथा कार्यक्रमहरुलाई रोजगार रणनीति तर्जुमाको कानुनी तथा नीतिगत आधार मानिएको छ।

उल्लेखित पृष्ठभूमिका साथै आर्थिक वर्ष २०७५।७६ देखि शुरु भई राष्टिय अभियानको रुपमा सञ्चालनमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रमले हालसम्म गरेको लगानी र प्राप्त उपलब्धीहरुको लेखाजोखा गरी

यसका सवल पक्षहरुको स्थानीयकरण गर्ने सोच रहेको छ । तसर्थ स्थानीय तहहरु स्वयंले रोजगारीको हक कार्यान्वयन सम्बन्धी ऐन २०७५ को कार्यान्वयनमा अग्रसर बनाउने यस कार्यक्रमको ध्येय रहेको छ । त्यसका लागि नगरपालिकाहरु कानुनी र संस्थागत र कार्यक्रमीक रुपले तम्तयार हुनु पर्ने आवश्यकता छ ।

## ७. दिर्घकालीन सोंच

स्थानीय जनशक्तिलाई मर्यादित श्रम र उत्पादनशील रोजगारीमा संलग्न गराई आयआर्जन तथा जीविकोपार्जन सुधार गर्दै स्थानीय अर्थतन्त्रलाई गतिशिल बनाई गरिबी न्यूनीकरणमा योगदान गर्ने ।

## ८. लक्ष्य

रोजगारीका अवसरहरुको विस्तार सँगै दक्ष क्षमतावान एवं प्रतिस्पर्धी जनशक्ति उत्पादन मार्फत स्थानीय श्रम बजारमा माग र आपूर्तिको नयाँ सन्तुलन हाँसिल गर्ने ।

## ९. स्थानीय रोजगार रणनीतिका उदेश्यहरु

स्थानीय वजारमा उत्पादनशील र मर्यादित रोजगारीका अवसरहरुको विकास र विस्तार गर्ने,

नगरपालिका भित्र दक्ष, सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने,

नगरपालिकामा रोजगारमैत्री निजी लगानी प्रोत्साहन गर्ने,

रोजगारी सम्बन्धी मौलिक हक पूरा गर्न नगरपालिकामा नीतिगत एवं संस्थागत व्यवस्था गर्ने,

वैदेशिक रोजगारीबाट प्राप्त सीप, अनुभव र पुँजीलाई स्थानीय उद्यमशीलता विकासमा प्रवाहित गर्ने,

## १०. स्थानीय रोजगारीका रणनीतिक स्तम्भ

- आन्तरिक रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान र विस्तार गर्ने ।

- श्रम बजारको माग अनुसारका दक्ष, सीपयुक्त र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने ।
- उद्यमशीलताको प्रवर्द्धन एवं निजी क्षेत्रको पूँजी र प्रविधिलाई आकर्षित गर्ने ।
- नगरपालिकामा रोजगारी प्रवर्द्धन सम्बन्धी संस्थागत संरचनालाई सक्षम र सबल बनाउने ।
- वैदेशिक रोजगारीबाट फर्केकालाई स्थानीय अर्थतन्त्रमा मूलप्रवाहीकरण गर्न अन्तर-सरकार एवं अन्तर-निकाय सहकार्य र साझेदारी गर्ने ।
- श्रम बजारमा देखिएको भेदभावलाई न्यूनीकरण गर्दै श्रम प्रतिको सम्मान अभिवृद्धि गर्ने ।
- स्थानीय श्रम तथा रोजगार सम्बन्धी सूचना र अभ्यासहरुको संकलन, प्रशोधन र प्रसारण गर्ने ।

## ११. कार्यनीति

| **रणनीति १ : आन्तरिक रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान र विस्तार गर्ने ।** |
|---|
| • नगरपालिका भित्र आन्तरिक रोजगारीको वर्तमान स्थिति र सम्भावित विषय क्षेत्रहरुको अध्ययन तथा अभिलेख गरिनेछ ।<br>• रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गरि अर्ध-वार्षिकरुपमा रोजगारीका माग बारे जानकारी पठाउन सूचित गरिनेछ ।<br>• रोजगार प्रदायक र वडा तहका जनप्रतिनिधिहरु विच रोजगारीका प्रकार र आवश्यक श्रम दक्षता बारे नियमित रुपमा (त्रैमासिक) अन्तरक्रिया आयोजना गरिनेछ ।<br>• आन्तरिक रोजगारी प्रवर्द्धन गर्नका लागि कानुनी ब्यवस्था मिलाउन संघ र प्रदेश सरकारलाई लेखि पठाइनेछ ।<br>• रोजगारीका थप अवसर सिर्जना गर्नका लागि विशेष औद्योगिक क्षेत्र निर्माण कार्य छिटो सम्पन्न गराउन संघीय सरकारसँग थप पहलकदमी लिइनेछ ।<br>• गरिबी निवारण र रोजगारी सिर्जना सम्बन्धी कार्यहरुलाई एकीकृत रुपमा संचालन गर्न अन्य सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ । |

- स्थानीय एवं राष्ट्रियस्तरमा उपलब्ध रोजगारीका अवसरहरुको जानकारी नगरपालिकाको वेभसाईट वा फेसबुक पेज मार्फत सम्प्रेषण गरिनेछ ।

**रणनीति २ : श्रम बजारको माग अनुसारका दक्ष, सीपयुक्त र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने ।**

- निर्माण क्षेत्रमा रोजगारीका अवसरहरु प्रवर्द्धन गर्न विभिन्न किसिमका सीपहरु जस्तै : मेसन, ईलेक्ट्रिसियन, पेन्टिङ्ग लगायतमा छोटो अवधिका तालिम संचालन गरि दक्ष जनशक्ति उत्पादन गरि स्थानीय श्रम बजारमा आपूर्ति गरिनेछ ।
- नगरपालिका क्षेत्रमा यातायात सम्बद्ध रोजगारीको सम्भावना रहेको हुँदा अटोमोबाइल एसेम्बल र मर्मत सम्बन्धी तालिमका लागि स्थानीय यूवाहरुलाई सहयोग र सहजीकरण गरिनेछ ।
- स्थानीय तहमा विकसित नयाँ व्यवसायहरुमा आवश्यक जनशक्ति आपूर्तिका लागि सम्बन्धित सीप विकास कार्यक्रमहरु संचालन गर्न अन्य सरकारी निकाय, गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।
- सूचना प्रविधिको क्षेत्रमा अधिक रोजगारीका अवसरहरु सिर्जना हुने भएकोले विद्यालय तहदेखि नै कम्प्युटर विषय पठनपाठन गर्न विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ ।
- बैदेशीक रोजगारीका गन्तब्य मुलुकको श्रम बजार मागलाई दृष्टिगत गरी सीपमूलक तालिमहरु प्रदान गरिनेछ ।
- विभिन्न निकाय एवं क्षेत्रबाट संचालित प्राविधिक तथा ब्यवसायिक एवं सीपमूलक तालिमहरुमा सहकार्य गरी सहभागी छनोट गरेर पठाइनेछ ।
- स्थानीय स्तरमा विभिन्न सीपमूलक तालिमहरु संचालन गर्न छिमेकी स्थानीय तहहरुसँगको साझेदारीमा बहुवर्षियगत सीप विकास तालिम केन्द्र स्थापना र सञ्चालन गरिनेछ ।

**रणनीति ३ : नगरपालिकामा रोजगारी प्रवर्द्धन सम्बन्धी नीतिगत एवं संस्थागत संरचनालाई सक्षम र सबल बनाउने ।**

- नगरपालिकाको वार्षिक कार्यक्रम छनोटको मापदण्डमा रोजगारी सिर्जनालाई उच्च प्राथमिकतामा राखिनेछ ।

- रोजगार प्रदायक सरोकारवालाहरुसँगको छलफल र सहभागितामा आवश्यक कार्यक्रमहरु संचालन गर्न गैरसरकारी संघसंस्था एवं निजी व्यवसायीहरु सँग समन्वय गरि रोजगार संवाद मञ्चलाई गतिशिल बनाइनेछ ।
- नगरपालिकाको संगठन संरचनामा परिमार्जन गरी उद्यम विकास तथा रोजगार प्रवर्द्धन शाखा वा एकाइको व्यवस्था गरिनेछ ।
- नगरपालिकाको नेतृत्वमा सरोकारवालाहरुको सहकार्यमा रोजगार सेवा केन्द्रको सञ्चालन र सुदृढिकरण गरिनेछ ।
- उद्यम विकास तथा रोजगार एकाइ र रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारी र प्राविधिक सहजकर्ताहरुको क्षमता विकास गरिनेछ ।
- रोजगार सेवा केन्द्रबाट बेरोजगार सहायता प्रदान गर्ने कार्यलाई विश्वसनीय, निश्पक्ष र प्रभावकारी बनाइनेछ ।
- स्थानीय तहभित्र अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई औपचारिक स्वरुपमा रुपान्तरण गर्न अनौपचारिक क्षेत्रका श्रमीकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराइनेछ ।
- नगरपालिका र अन्य सरकारी निकायबाट सञ्चालन गरिने नियमित विकास निर्माण आयोजनाहरुमा बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रत्याभूति हुनेगरी कानुनी व्यवस्था मिलाइनेछ ।
- उपयूक्त सीप, अनुभव र योग्यता भएका बेरोजगारहरुलाई आधारमा स्थानीय स्तरमा उपलब्ध रोजगारीका अवसरहरु प्रवाह गर्न अन्तर स्थानीय तह समन्वय र सूचना आदानप्रदान गरिनेछ ।
- सक्षम र दक्ष जनशक्तिको विकास गर्न सूचिकृत बेरोजगारहरुलाई आवश्यक सीपमूलक तथा रोजगारमूलक तालिम संचालन गरिनेछ ।

- **रणनीति ४ : उद्यमशीलताको प्रवर्द्धन एवं निजी क्षेत्रको पूँजी र प्रविधिलाई आकर्षित गर्ने ।**

- यूवा र महिलाहरुलाई ठूलो संख्यामा उद्यमशीलता विकास तालिम प्रदान गरि स्वरोजगारमूलक व्यवसायमा संलग्न हुन प्रोत्साहित गरिनेछ ।

- उद्यमशीलता र नयाँ उद्यमीहरुका लागि ऋण लगानी गर्न स्थानीय बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाहरुलाई प्रोत्साहन गरि स्वरोजगार बृद्धि गरिनेछ ।
- वित्तीय संस्था एवं गैरसरकारी क्षेत्रको सहयोग र सहकार्यमा वित्तीय साक्षरता र वित्तीय पहुँच अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- विभिन्न सामुदायिक संस्थाहरुमा रहेको संचित पूँजी र अन्य स्रोतसाधनलाई सामुहिक उत्पादनशील क्षेत्रमा लगानी गर्ने व्यवस्था मिलाइनेछ ।
- राजधानी काठमाण्डौं र अन्य शहरी क्षेत्रमा रहेका व्यवसायीक प्रतिष्ठानहरुका उद्यमशीलता र प्रविधिलाई नगरपालिका भित्र आकर्षित गरि स्थानीयस्तरमा वस्तु तथा सेवा उत्पादनको कार्यलाई प्रोत्साहित गर्न सम्भाब्य लगानीकर्ताहरुको भेला, छलफल र सम्मेलन आयोजना गरिनेछ ।
- स्थानीय स्तरका व्यवसायमा उत्पादित वस्तु तथा सेवाहरुको खपत बढाउन नगरपालिकाले उपभोक्ताहरुलाई प्रचार र प्रोत्साहन गर्नेछ ।
- स्थानीय स्वरोजगार कोष स्थापना गरि उद्यम व्यवसाय गर्न चाहने युवाहरुलाई व्यवसायिक योजनाको आधारमा सहुलियत पूर्ण ऋण उपलब्ध गराईनेछ ।
- उद्यम व्यवसाय संचालन गर्न इच्छुक ब्यक्तिहरुका लागि व्यवसाय दर्ता लगायत सरकारी कागजात प्रक्रियामा निःशुल्क परामर्श, सहयोग तथा सहजीकरण सेवा उपलब्ध गराइनेछ ।

**रणनीति ५ : श्रम बजारमा देखिएको भेदभावलाई न्यूनीकरण गर्दै श्रम प्रतिको सम्मान अभिवृद्धि गर्ने ।**

- दलित महिला, एकल महिला, अपाङ्ग तथा बञ्चितीकरणमा परेका वर्गहरुलाई लक्षित गरि रोजगार कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- रोजगारीको क्षेत्रमा देखा पर्ने लैङ्गिक, जातिगत वा अन्य सबै प्रकारका भेदभावलाई हटाउन श्रमको सम्मान कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।
- नगरपालिकाका निर्वाचित जनप्रतिनिधि र राजनैतिक दलका नेतृत्वलाई आधारभूत सीपमूलक तालिम र स्वरोजगारीमा संलग्नताका लागि प्रोत्साहित गरिनेछ ।
- बालश्रम, बाध्यकारी श्रम लगायत सबै प्रकारका श्रम शोषणलाई अन्त्य गर्न आवश्यक सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

| |
|---|
| • स्थानीयस्तरमा श्रम र ज्याला सम्बन्धी विवाद समाधान गर्न सरोकारवालाहरुसँग नियमित सम्वाद का लागि स्थानीय रोजगार संवाद मञ्चलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।<br>• रोजगारदाताले श्रमिकलाई काममा लगाउँदा निर्धारित दर अनुसारको पारिश्रमिक उपलब्ध नगराउने रोजगारदातालाई आवश्यक कानूनी कारवाहीको लागि स्थानीय न्यायिक समिति र सम्बन्धित निकायमा पहल गरिनेछ । |
| **रणनीति ६ : वैदेशिक रोजगारीबाट फर्केकालाई स्थानीय अर्थतन्त्रमा मूलप्रवाहीकरण गर्न अन्तर-सरकार एवं अन्तर-निकाय सहकार्य र साझेदारी गर्ने ।** |
| • वैदेशिक रोजगारीमा जाने ब्यक्तिहरुलाई लक्षित गरि वैदेशिक रोजगारीका अवसर, चुनौती र जोखिमहरुको बारेमा अभिमुखीकरण कार्यक्रम संचालन गरि सचेतना अभिबृद्धि गरिनेछ ।<br>• वैदेशिक रोजगारीबाट फर्केका पिडितहरुका लागि ।<br>• वैदेशिक रोजगारीबाट फर्केका ब्यक्ति तथा तिनका परिवारमा उत्पन्न सामाजिक समस्याहरुको समाधानका लागि मनोसामाजिक परामर्श, कानूनी परामर्श लगायतका सेवा र कार्यक्रम संचालन गर्न संघीय तथा प्रदेश सरकार र गैरसरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।<br>• वैदेशिक रोजगारीबाट फर्केका ब्यक्तिहरुको सञ्जाल निर्माण गरि स्थानीय स्रोतमा आधारित ब्यवसायमा लाग्न प्रोत्साहित गरिनेछ ।<br>• बैदेशिक रोजगारीबाट आउने विप्रेषणलाई उद्यम ब्यवसायमा लगाउन रिटर्नीहरुलाई ठूला औद्योगिक प्रतिष्ठानहरुसँग संयूक्त उपक्रम स्थापना गर्न प्रोत्साहित गरिनेछ ।<br>• वैदेशिक रोजगारीमा रहेका श्रमिक र तिनका परिवार लक्षित कल्याणकारी सेवाहरुको वितरणमा आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।<br>• वैदेशीक रोजगारीमा गएका ब्यक्तिहरुलाई गन्तब्य मूलुकमा आइपर्ने कानुनी, प्रशासनिक र ब्यवस्थापकीय जटिलताहरु सुल्झाउन आप्रवासी स्रोत उपकेन्द्रलाई प्रभावकारी परिचालन गरिनेछ । |
| **रणनीति ७ : स्थानीय श्रम तथा रोजगार सम्बन्धी सूचना र अभ्यासहरुको संकलन, प्रशोधन र प्रसारण गर्ने ।** |

- स्थानीय तहभित्रबाट स्वदेशकै विभिन्न निकाय र संस्थामा रोजगारी वा जागिर गर्ने व्यक्तिहरुको अभिलेख राख्ने व्यवस्था मिलाइनेछ ।
- स्थानीय तहभित्र संचालित उद्यम, व्यवसाय, प्रतिष्ठान, कम्पनीहरु लगायत अन्य निजी व्यवसायिक प्रतिष्ठानहरुमा रोजगार व्यक्तिहरुको तथ्यांक संकलन र अद्यावधिक गरिनेछ ।
- नगरपालिका भित्र रहेका बेरोजगार व्यक्तिहरुको विवरण संकलन तथा विश्लेषण गरी बेरोजगारको तथ्यांक अद्यावद्यिक गरिनेछ ।
- वैदेशिक रोजगारीमा जाने र फर्किने व्यक्तिहरुको तथ्यांक र अभिलेखलाई व्यवस्थित गरिनेछ ।
- सूचना प्रविधिको प्रयोग गरि स्थानीय तहभित्रका सबै घरधुरीहरुको सर्वेक्षण मार्फत न्यून आय भएका परिवारको पहिचान गरि र तिनीहरुलाई सेवा सुविधामा प्राथमिकता दिइने छ ।
- नगरपालिका भित्रका विभिन्न क्षेत्र तथा विषयमा दक्ष श्रमिक र जनशक्तिहरुको तथ्यांक संकलन, अद्यावधिक र सार्वजनिकीकरण गरिनेछ ।

## १२. रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र

### *१२.१ रोजगार रणनीति कार्यान्वयन सहजीकरण समिति*

यस नगरपालिका भित्र रहेका रोजगारीका सम्भावित अवसरहरुको पहिचान गर्न, रोजगार सम्बद्ध सेवा एवं सरोकारवालाहरुको नक्साङ्कन गर्न, रोजगारीको हकको कार्यान्वयन लगायत रोजगारीका अन्य विषयमा यस रणनीति वमोजिमका कार्यक्रमहरुको तर्जुमा गर्न एक स्थानीय रोजगार रणनीति कार्यान्वयन सहजीकरण समितिको गठन गरिनेछ । उल्लेखित समिति देहाय बमोजिम गठन गरिनेछ :

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) आर्थिक विकास शाखा अर्न्तगत एक जना अधिकृत | सदस्य |
| (ग) सामाजिक विकास शाखा अर्न्तगत एक जना अधिकृत | सदस्य |
| (घ) पूर्वाधार विकास शाखा अर्न्तगत एक जना अधिकृत | सदस्य |
| (ङ) रोजगार संयोजक/रोजगार प्रवर्द्धन शाखा प्रमुख | सदस्य सचिव |

उक्त समितिको बैठक चौमासिक रुपमा बस्नु पर्नेछ। बैठक बसेको सात दिन भित्र रणनीति कार्यान्वयनको अवस्था एवं थप तर्जुमा गर्नुपर्ने कार्यक्रमहरुको बारेमा कार्यपालिकालाई जानकारी गराउनु पर्नेछ । समितिको बैठक र निर्णय सम्त्रन्धी अन्य व्यवस्था कार्यपालिकाले तय गरे वमोजिम हुनेछ।

### *१२.२ रोजगार प्रवर्द्धन शाखा / रोजगार सेवा केन्द्र*

नगरपालिका क्षेत्र भित्र उद्यमशीलता र रोजगारी प्रवर्द्धन गर्न नगरपालिकाको संगठन संरचनामा परिमार्जन गरि उद्यम विकास तथा रोजगार प्रवर्द्धन शाखाको ब्यवस्था गरिनेछ । यस शाखामा नगरपालिकाका अधिकृत स्तर कर्मचारीले प्रमुखको कार्यभार सम्हाल्नेछन् । यसले समग्र नगरपालिकाको नीति, कार्यक्रम र बजेट कार्यन्वयनमा जिम्मेवारी निर्वाह गर्नेछ ।

यस अन्तर्गत नगरपालिकाले रोजगारीको हक कार्यान्वयन सम्बन्धी ऐन, २०७५ ले ब्यवस्था गरेको रोजगार सेवा केन्द्र स्थापना र सञ्चालन गर्नेछ। यस केन्द्रलाई नगरपालिका अन्तर्गत राखिएता पनि नेपाल सरकार र प्रदेश सरकारले समेत कार्यक्रम उपलब्ध गराई परिचालन गर्न सक्नेछ। साथै रोजगारी प्रवर्द्धन र गरीवी न्यूनीकरणमा कार्य गर्ने विभिन्न विकास साझेदार, अनुसन्धानमुलक संस्थाहरुले समेत साझेदारी गर्न सक्छन् । रोजगार सेवा केन्द्रले सम्पादन गर्ने कार्यका लागि थप जनशक्ति गैरसरकारी निकायबाट समेत प्राप्त गर्न सकिनेछ ।

### *१२.३ स्थानीय रोजगार संवाद मञ्च*

स्थानीय रोजगार रणनीति कार्यान्वयनमा देखिएका समस्याहरुको समाधान गर्न वा रोजगार प्रदायक, नगरपालिका र श्रमीकहरु बिचका आपसी समस्या र असमझदारीहरु सुल्झाउन नगरपालिकाको अगुवाईमा एक स्थानीय रोजगार सम्बाद मञ्चको गठन गरिनेछ । नगर कार्यपालिकाका आर्थिक विकास समिति संयोजकको अध्यक्षतामा रहने यस समितिमा रोजगार प्रदायक ब्यवसायीक प्रतिष्ठानको समेत प्रतिनिधित्व हुनेछ। समितिको गठन र कार्यजिम्मेवारी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ वमोजिम नगर कार्यपालिकाले तोक्नेछ ।

यस मञ्चले रणनीति कार्यान्वयन सहजीकरण समितिलाई आवश्यक अन्य विषयमा सल्लाह सुझाव दिन सक्नेछ। यसले रणनीतिको सफल कार्यान्वयनका लागि रोजगार सम्बद्ध सरोकारवालाहरुसँग छलफल एवं अन्तरक्रिया गरि आवश्यकता अनुसार कार्ययोजना (मासिक वा वार्षिक) निर्माण गर्न सक्नेछ ।

## १३. स्रोत व्यवस्थापन

यो रोजगार रणनीति कार्यान्वयन गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन नगर कार्यपालिकाले गर्नेछ। यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि निजी क्षेत्र, सहकारी, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्था एवं विकास साझेदारहरुको आर्थिक एवं प्राविधिक स्रोत साधन परिचालन गर्नुको साथै समन्वय र सहकार्य समेत गर्न सकिनेछ। यसका लागि नेपाल सरकार र प्रदेश सरकारबाट समेत शशर्त अनुदानका कार्यक्रमहरु प्राप्त गर्न सकिनेछ।

## १४. अनुगमन तथा मूल्यांकन

यस रोजगार रणनिति कार्यान्वयनको अनुगमनका लागि स्थानीय अनुगमन तथा सुपरिवेक्षण समितिले आवश्यक कार्य गरि सो को प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नेछ । अनुगमन प्रतिवेदनको आधारमा नगर कार्यपालिकाको पृष्ठपोषण बमोजिम रोजगार रणनीति कार्यान्वयन सहजीकरण समितिले सम्बद्ध सरोकारवालाहरुसँगको छलफल एवं परामर्शमा रणनीतिमा पुनरावलोकन एवं सुधार गर्न आवश्यक प्रस्ताव नगर कार्यपालिकालाई पेश गर्नुपर्नेछ । रणनीति कार्यान्वयनबाट पहिचान गरिएका विभिन्न क्षेत्रहरुमा रोजगारीका अवसरहरुमा भएको बृद्धि एवं सकारात्मक प्रभाव सम्बन्धमा रणनीति कार्यान्वयन सहजीकरण समितिले तेश्रो पक्षबाट अनुगमन तथा मूल्यांकन गर्न गराउन सक्नेछ।

## १५. जोखिम पहिचान तथा व्यवस्थापन

रोजगार रणनीति कार्यान्वयनका क्रममा आउन सक्ने जोखिमहरुलाई देहाय बमोजिम अनुमान गरिएको छ :

(क) नगरपालिकाको आन्तरिक जनशक्ति तथा बजेटको व्यवस्थापन

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्न हुने कार्यक्रमको निरन्तरता

(ग) सरकारी, गैर-सरकारी र विकास साझेदार संस्थाहरुसँग समन्वय र सहकार्य

(घ) निजी व्यवसायीक प्रतिष्ठानहरुको लगानी रुची र बैंक तथा वित्तिय संस्थाहरुको ऋण प्रवाह नीति

## अनुसूची १ : रणनीति तर्जुमा सम्बन्धी छलफल कार्यक्रमको उपस्थिति



आज मिति २०८० पुस २४ गते मङ्गलबारका दिन पाँचखाल नगरपालिकाको रोजगार रणनीति तर्जुमा सम्बन्धमा जनप्रतिनिधि, कर्मचारी र विज्ञ परामर्शदाताको देहायबमोजिमको उपस्थितिमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

उपस्थिति :

१. नगर उपप्रमुख, श्री सूर्यमाया दनुवार
२. प्र.प्र.अ., श्री सूर्य प्र. गौतम
३. वडा अध्यक्ष वडा नं. ३ - श्री सुन्दर अधिकारी
४. वडा अध्यक्ष वडा नं. १ - श्री जय बहादुर तामाङ
५. वडा अध्यक्ष वडा नं. ६ - श्री रामकृष्ण दंगाल
६ वडा अध्यक्ष वडा नं. २ रामेकृष्ण दाहाल
७ आलेप पाँचखाल न. पा. शान्ति ब. कार्की
८. सीता कुमारी तामाङ " " इले. आ. इन्ज. अ.
९. सुनिल श्रेष्ठ " " प्र.म प्राविधिक सहायक
१०. कल्याण प्र. सुवेदी " " योजना शाखा
११ सुमिला पराजुली " " प्र.म. रोजगार सहायक
१२. निर्मला महर्जन " प्र.म. रोजगार संयोजक
१३. राम काजी के.सी वडा अध्यक्ष पाँचखाल - ३
१४. विज्ञ परामर्शदाता, श्री बिमल पोखरेल

# अनुसूची २ : रणनीति तर्जुमा सम्बन्धी छलफल कार्यक्रमको तस्बीरहरु



